# क्षेत्रीय कार्यालयहरू

ओएचसिएचआर-नेपालका चारवटा क्षेत्रीय कार्यालयहरू रहेका छन् । ती कार्यालयहरू मध्यमाञ्चलको छाउनी काठमाडौंमा, पूर्वाञ्चलको विराटनगरमा, पश्चिमाञ्चलको पोखरामा र मध्यपश्चिमाञ्चल तथा सुदूरपश्चिमाञ्चलको नेपालगञ्जमा रहेका छन् ।

## सम्पर्क विवरण


**पूर्वाञ्चल क्षेत्र**

बिनायक रोड, तीनटोलिया-१४, ब्लक नं.-१८, विराटनगर,
टेलिफोन : ०२१-५३४१२४/२५,
फ्याक्स : ०२१-५३४१२६

**मध्यमाञ्चल क्षेत्र/काठमाडौं उपत्यका**

सिलु बिल्डिङ, छाउनी, म्युजियम रोड
पोष्ट बक्स. २४५५५ काठमाडौं,
टेलिफोन :०१-४२८०१६४,
फ्याक्स : ०१-४६७०७१२
इमेल: registry.ktm.np@ohchr.org

**पश्चिमाञ्चल क्षेत्र**

डिकोपाटन, लेकसाइड, पोष्ट बक्स नं. १६०, पोखरा,
टेलिफोन : ०६१-५५११५५,
फ्याक्स : ०६१-५५११५४

**मध्य र सुदूरपश्चिमाञ्चल क्षेत्र**

कौशल्या मार्ग, वार्ड नं. १६, नेपालगञ्ज,
टेलिफोन : ०८१-५२१९८९,
फ्याक्स : ०८१-५२४३३७


# ओएचसिएचआर

मानवअधिकार उच्चायुक्त मानवअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रमुख अधिकारी हुनुहुन्छ । उहाँ महासचिवप्रति उत्तरदायी हुनुहुन्छ ।

नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिकलगायत सबै मानवअधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि महासभाले सन् १९९३ डिसेम्बरमा उच्चायुक्तको स्थापना गरेको हो ।

लुइस आर्बर जुलाई २००४ मा उच्चायुक्तको पदमा नियुक्त हुनुभएको हो । नेपालमा उहाँको प्रतिनिधि इयान मार्टिन हुनुहुन्छ ।

नेपालस्थित उच्चायुक्तको मुख्यालय काठमाडौं, छाउनीमा रहेको छ ।

---

## सम्पर्क विवरण


मुख्यालय
सिलु बिल्डिङ, छाउनी म्युजियम रोड
वडा नं. १३, छाउनी
पो. बक्स. २४५५५, काठमाडौं
टेलिफोन: ९७७-१-४२८०१६४
फ्याक्स: ९७७-१-४६७०७१२
इमेल: registry.np@ohchr.org
वेभसाइट: http://nepal.ohchr.org


*नेपालस्थित उच्चायुक्तको कार्यालय, आफ्नो कार्यमा निष्पक्षता, स्वतन्त्रता र पारदर्शितालगायत संयुक्त राष्ट्रसङ्घीय सिद्धान्तहरूबाट निर्देशित हुनेछ ।*

# नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय

संयुक्त राष्ट्र संघ

ओएचसिएचआर

# नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयका कार्यादेश र उद्देश्यहरू के हुन् ?

**नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएचसिएचआर)को ध्येय सबैका मानवअधिकारहरूको संरक्षण र प्रवर्द्धन गर्नु हो ।**

**नेपालमा ओएचसिएचआरको कार्यादेशबारे सन् २००५ अप्रिलमा श्री ५ को सरकार र संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तबीच सम्पन्न सम्झौतामा उल्लेख गरिएको छ । कार्यादेशमा निम्न उद्देश्यहरू रहेका गरिएका छन्:**

- अनुसन्धानलगायत देशभरी मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुन पालना भए नभएको अनुगमन गर्ने ।
- नेपालमा मानवअधिकारको संरक्षण र प्रवर्द्धनका निम्ति नीति, कार्यक्रम र उपायहरूको तर्जुमा र कार्यान्वयनमा नेपालका अधिकारीहरूलाई सल्लाह दिने ।
- राष्ट्रिय मानवअधिकार आयोग, नागरिक समाजका प्रतिनिधिहरू, मानवअधिकारसम्बन्धी गैससहरू तथा व्यक्तिहरूलाई परामर्श सेवा उपलब्ध गराउने ।
- मानवअधिकार आयोग र महासभासमक्ष विश्लेषणात्मक प्रतिवेदनहरू पेस गर्ने ।

# नेपालस्थित उच्चायुक्तको कार्यालयले के गर्दछ ?

**ओएचसिएचआर-नेपालले**

- उल्लङ्घनका पीडित, पीडितका परिवार, मानवअधिकार रक्षक, सञ्चार र अन्य गैरराज्य समूहहरूलगायत सबै स्रोतबाट मानवअधिकार उल्लङ्घनसम्बन्धी सूचना प्राप्त गर्दछ ।
- मारिएका, बेपत्ता पारिएका, अपहृत, यातनापीडित, बलात्कृत, गैरकानुनी पक्राउमा परेका र थुनिएका व्यक्तिहरूसमेत आरोपित मानवअधिकार उल्लङ्घनसम्बन्धी रिपोर्टहरूबारे अनुसन्धान गर्दछ ।
- यस्ता मानवअधिकारहरूको संरक्षण गर्न उपायहरूको कार्यान्वयनका लागि राज्य र गैरराज्यपक्षहरूलाई सिफारिस गर्नेलगायत अनुसन्धानसम्बन्धी प्रतिवेदन जाहेर गर्दछ ।
- मानवअधिकार उल्लङ्घन र त्यसलाई संवोधन गर्ने जिम्मेवार व्यक्तिहरू वा सङ्गठन र संस्थाहरूसमक्ष आफ्ना चासोहरू जाहेर गर्नुका साथै यसलाई संवोधन गर्न कारबाहीको माग गर्दछ ।
- अदालतमार्फत् मानवअधिकार उल्लङ्घनबाट पीडितहरूको न्यायसम्म पहुँच छ कि छैन अनुगमन गर्दछ ।
- राष्ट्रिय मानवअधिकार आयोगलाई सल्लाह र सहयोग प्रदान गर्दछ ।
- मानवअधिकारको संरक्षण र प्रवर्द्धनसम्बन्धी सबै कुरामा व्यक्ति तथा नागरिक समाजका प्रतिनिधिहरूलाई सल्लाह प्रदान गर्दछ ।
- मानवअधिकारसम्बन्धी शैक्षिक कार्यक्रम र व्यवसायिक तालिम कार्यक्रमबारे राज्य तथा गैरसरकारी संस्थाहरूलाई सल्लाह प्रदान गर्दछ ।
- संयुक्त राष्ट्रसङ्घीय देशीय टोलीका मानवअधिकार संरक्षण र प्रवर्द्धनसम्बन्धी गतिविधिहरूको समन्वय गर्दछ ।

## कस्ता किसिमका मानवअधिकारका सवालमा ओएचसिएचआर-नेपालले ध्यान दिन्छ ?

तीनवटा क्षेत्रलाई संवोधन गरी ओएचसिएचआर-नेपालले मानवअधिकारको संरक्षण र प्रवर्द्धन कार्य गर्दछ:

- गैरकानुनी हत्या, बेपत्ता पार्ने कार्य, अपहरण, यौन हिंसा, यातना तथा सर्वसाधारणलाई लक्षित गर्नेजस्ता सशस्त्र द्वन्द्वसँग प्रत्यक्ष रूपले सम्बन्धित मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन ।
- अभिव्यक्ति स्वतन्त्रता, सङ्गठन गर्ने स्वतन्त्रता र शान्तिपूर्वक भेला हुने स्वतन्त्रताजस्ता प्रजातान्त्रिक अधिकारहरू ।
- महिला तथा बालिकाविरुद्धको भेदभाव, वा जात वा जातीय पृष्ठभूमिको आधारमा भएका विभेदजस्ता लामो समयदेखि विद्यमान मानवअधिकारसम्बन्धी मुद्दाहरू ।

## ओएचसिएचआर-नेपाललाई:

- अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनको पालना सुनिश्चित गराउने उद्देश्यले गैरराज्य पक्षलगायत सम्वद्ध सबै पक्षलाई संलग्न गराउन सक्ने कार्यादेश प्राप्त छ ।
- देशका कुनै पनि भागको भ्रमण गर्ने र पूर्वसूचनाविना नै सबै कारागार, बन्दीगृह एवं सोधपुछ स्थलहरूमा प्रवेश गर्ने अधिकार छ । यससँग बन्दी बनाइएको कुनै पनि व्यक्तिसँग एक्लै भेट्न पाउने अधिकार निहीत छ ।
- उपयुक्त लागेमा आफ्नो काम पुरा गर्न आवश्यक आधिकारिक कागजातहरू प्राप्त गर्न नेपालस्थित उच्चायुक्तको कार्यालयको पहुँच हुनेछ ।
- मानवअधिकारसम्बन्धी मुद्दाहरूमा संलग्न र त्यससम्बन्धी सरोकार राख्ने सबै क्षेत्रमा विश्वासको वातावरण प्रवर्द्धन गर्दै परामर्श र संवाद केन्द्रको रूपमा काम गर्दछ ।